ERIPS 2012

# नेतृत्वको रुपमा तपाई आफनो छबि कस्तो बनाउन चाहानुहुन्छ ?





## सकारात्मक सञ्चार तथा रुपान्तरणकारी नेतृत्व विकासका लागि प्रसंशनीय खोज तालिम





**FOR REGISTRATION**

(9841) 201131
erips2069@gmail.com
***www.myerips.org***

## Appreciative Inquiry Training for Positive Communication and Transformative leadership Development



fonepay
नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त
EASTERN RESEARCH INSTITUTE OF POSITIVE SCIENCE PVT.LTD
Code: #2105140759 Terminal: #398637

ERIPS 2012

Eastern Research Institute of Positive Science

... promoting AI culture for positive change

IGNITING POSITIVITY




# सकारात्मक सञ्चार र नेतृत्व बिकासका लागि प्रशंसनीय खोज तालिम

**APPRECIATIVE INQUIRY TRAINING FOR POSITIVE COMMUNICATION AND TRANSFORMATIVE LEADERSHIP DEVELOPMENT**

## सकारात्मक सञ्चार भनेको के हो र यो किन जरुरी हुन्छ ?

सञ्चार भनेको बिचार, भावना र जानाकारी आदान प्रदान गर्ने माध्यम हो । व्यक्तिगत तथा व्यवसायीक जीवन र नेतृत्वलाई प्रभावकारी र सफल बनाउन सञ्चारको भुमिका महत्वपुर्ण हुन्छ । सकारात्मक सञ्चार भनेको व्यक्तिहरुबीच हुने संवाद र सञ्चार प्रक्रियामा आशावादी, सामाधानमुखी सोच र सहयोगी दृष्टिकोण निर्माण गर्नुलाई बुझाउदछ । सकारात्मक सञ्चार प्रक्रियामा अत्यन्तै प्रतिकुल अवस्थामा पनि सकारात्मक एवम् जीवनदायी उर्जाहरुको खोज, सिर्जनात्मक विचार, सम्मानजनक व्यवहारलाई प्राथमिकता दिईन्छ । सकारात्मक र स्पष्ट सञ्चारले पारिवारीक, सामाजिक र पेशागत सम्वन्धलाई सुदृढ बनाउदछ भने एक आपसमा विश्वास र आत्मीयता बढाउदछ । सकारात्मक र स्पष्ट सञ्चारले आत्मविश्वास बढाउनुको साथै नयाँ ज्ञान सिक्न र सिकाउन अभिप्रेरित गर्दछ भने असमझदारीहरुलाई हटाएर समस्याहरुको सामाधानका लागि नयाँ नयाँ अवसरहरु सिर्जना गराउदछ भने व्यक्तिहरुलाई उत्प्रेरित गरि मानसीक रुपमा बलियो बनाउदछ । सकारात्मक सञ्चार प्रकृयामा कमजोरी, आलोचना, दोषारोपणको बदलामा सकारात्मक सुझाव, प्रशंसा एवम्र उत्प्रेरणादायक भाषाको प्रयोग गरिन्छ ।

## सकारात्मक नेतृत्व भनेको कस्तो नेतृत्व हो ?

व्यक्ति स्वयम् तथा आफ्ना अनुयायीहरु र सदस्यहरुमा सकारात्मक दृष्टिकोण, सृजनशिलता, सहकार्यको भावना र प्रेरणादायक अवस्थाको सिर्जना गरी सकारात्मक रुपान्तरणको लागि मानसीक तथा भौतिक रुपमा उत्प्रेरित गर्ने क्षमता, सिप र कला नै सकारात्मक नेतृत्व हो । यस प्रकारको नेतृत्वले प्रेरणा, सहकार्य, आशावादको माध्यामवाट लक्ष्य प्राप्त गर्न सदस्यहरुको व्यक्तिगत, सामुहिक तथा संस्थागत क्षमताको अधिकतम उपयोग गर्दछ । सकारात्मक नेतृत्वले सदस्यहरु, समुह तथा संस्थाको कमजोरी, नकारात्मक र असफलताको बदलामा सवलपक्षहरु, सफलता र सफलताका कारणहरु, क्षमता, भविष्यको चाहना र संभावनाहरुको खोजबिन तथा लेखाजोखा गरेर सदस्यहरुको वा भनौ नागरीकहरुको मनोबल र आत्मविश्वास बढाउदछ र साझा लक्ष्य प्राप्तीको लागि बिपक्षि लगायत सबैलाई एकजुट बनाउदछ ।

## CONTACT US


(977) 9841201131
erips2069@gmail.com
myerips.org
Kathmandu, Nepal







# सामन्य प्रकारको नेतृत्व भन्दा सकारात्मक नेतृत्व किन फरक छ ?

नेतृत्व भनेको समुह, सदस्यहरु वा अनुयायीहरुलाई लक्ष्य प्राप्तीको लागि मार्गनिर्देशन गर्ने कला हो । सामन्य प्रकारको नेतृत्वले केवल दिर्नेश र अधिकारको आधारमा काम गर्दछन भने सकारात्मक नेतृत्वले अनुयायीहरु वा सदस्यहरुका क्षमता, सवलपक्षहरु, संभावना र चाहनाहरु पहिचान गरेर सो कै आधारमा उत्प्रेरणा, सहकार्य र समन्वयात्मक तरिकाले काम गर्दछन र सकारात्मक परिणामको सुनिश्चित गर्दछन ।

**१. साझा दृष्टिकोण निर्माण:** सामन्य प्रकारका नेतृत्वले आफनो दृष्टिकोणलाई नै समुह वा संस्थाको दृष्टिकोणको रुपमा परिभाषित गर्दछन र पद र शक्तिको दुरुपयोग गरेर संस्थाको श्रोत, साधन तथा कर्मचारीहरु, सदस्यहरु सबैलाई आफनै दृष्टिकोण अनुसार काम गर्न आदेश दिन्छन वा त्यस्तै वातावरण निर्माण गर्दछन भने सकरात्मक नेतृत्वले संस्थाका सबै कर्मचारीहरु वा समुहका सबै सदस्यहरुको संयुक्त सहभागीतामा साझा दृष्टिकोण निर्माण गर्दछन र सो दृष्टिकोण अनुसार काम गर्न सबैलाई उत्प्रेरित गर्दछन र सकारात्मक परिणाम प्राप्तीको लागि अगुवाई गर्दछन ।

**२. सञ्चार र संवादको तरिका:** सामन्य प्रकारको नेतृत्वले आदेशात्मक वा निर्देशनात्मक तरिकाले सञ्चार प्रवाह गर्दछन भने सकारात्मक नेतृत्वले हरेक सदस्यको बिचार बुझने र सबैको आत्म सम्मानको रक्षा हुने गरी सकारात्मक तरिकाले उत्प्रेरणा जगाउने गरी सञ्चार गर्दछन ।

**३. समस्यासँगको व्यवहार :** सामन्य प्रकारको नेतृत्वले साना तिना समस्यामा पनि आफु माथहतका कर्मचारीहरु, सदस्यहरु वा सहयोगीहरुलाई दोष लगाउदछन र जमेर आलोचना **गर्र्दाछन** जसले गर्दा पुरा संस्था भित्रनै नकारात्मक र दोषारोपणको वातावरण निर्माण हुन्छ । सकारात्मक नेतृत्वले समस्याले सिर्जना गरेको अवस्था र त्यो अवस्थामा निर्माण हुन सक्ने अवसरहरु र कसको दक्षता र क्षमताको प्रयोग गर्दा ती अवसरहरुको सदुपयोग गरेर समस्या सामाधान गर्दै नयाँ अवसरहरु सिर्जना गर्न सकिन्छ भन्ने खोज गर्दछ र सोही अनुसार सबैसँग सदभाव पुर्ण व्यवहार गर्दै सहकार्य गरेर एक अर्कालाई प्रशंसा गर्दै सकारात्मक परिणाम निकाल्ने वातावरण निर्माण गर्दछ ।

**४. प्रेरणाको शैली :** सामन्य प्रकारका नेतृत्वले पद र शक्तिको आडमा निर्देशनात्मक शैलीमा सदस्यहरु वा कर्मचारीहरुलाई काम गर्न आदेश दिन्छन भने सकारात्मक नेतृत्वले कर्मचारीहरु वा सदस्यहरुको क्षमता र दक्षताको पहिचान गर्दछन र उनिहरुको भावनालाई लक्ष्यसँग जोडेर लक्ष्य प्राप्तीको लागि उत्प्रेरित गर्दछन ।

**५. परिणाममा ध्यान:** सामन्य प्रकारका नेतृत्वले प्रकृयागत कुराहरु जस्तैः कानुन, मानवअधिकार, कर्मचारी तथा सदस्यहरुको आत्मसम्मान आदीलाई ध्यान नदिई परिणाम मात्र प्राप्त गर्ने कुरामा ध्यान दिन्छ र सफलताको श्रेय आफैले मात्र लिन्छ भने सकारात्मक नेतृत्वले कर्मचारीहरु तथा सदस्यहरुको आत्म सम्मान, ऐन, नियम, कानुन लगायत सबै प्रकृयाहरुलाई समेत ध्यान दिई परिणाम प्राप्ती गर्न उत्प्रेरित गर्दछ, सफलताको श्रेय सबैलाई दिन्छ र परिणाम प्राप्तीको यात्रा नै सिकाई र विकासको अवसर हो भन्ने मान्यता राख्दछ ।

**६. व्यक्तित्व विकास:** सामन्य नेतृत्वले कर्मचारीहरु तथा सदस्यहरुलाई लक्ष्य प्राप्ती गर्ने साधनको रुपमा मात्रै हेर्दछ भने सेवा र सुविधा पनि आफना नजिकका, आफनै पार्टीका, जाताका, ईष्टमित्र, आदी हेरेर निर्णय गर्दछ तर सकारात्मक नेतृत्वले कर्मचारीहरु तथा सदस्यहरुको व्यक्तिगत र व्यवसायिक दक्षता तथा क्षमता अभिवृद्धि गर्दै सबैलाई समन्यायिक तरिकाले अवसरहरु वितरण गर्दछ र सामाजिक विविधतालाई शक्तिको रुपमा प्रवर्धन गर्दछ ।

# नेपलाको सन्दर्भमा सकारात्मक सञ्चार र नेतृत्वको आवश्यकता किन छ ?

नेपाल जस्तो वहुजातीय, बहुभाषिक, वहु साँस्कृतिले भरिपुर्ण सामाजिक, प्राकृतिक तथा व्यवसायिक विविधताले भरिपुर्ण भएको देशमा सकारात्मक नेतृत्वले सबै तह र तप्काका सवल पक्षहरु, सफल अभ्यासहरु, सिकाईहरु, संभावना र सपनाहरुको खोजविन गरेर सबैलाई मान्य हुने साझा दृष्टिकोण निर्माण गर्न अभिप्रेरित गर्दछ । हाल नेपालमा चारैतिर नकारात्मक सोच, दोषारोपण, निराशा, नैराश्यता र अविश्वास व्याप्त छ । एकले अर्काको कमजोरी खोतल्ने र आलोचना तथा दोषारोपण गर्ने राष्टिय संस्कृति नै भएको छ । यस्तो अवस्थामा नकारात्मकतालाई सकारात्मकतामा बदलेर सकारात्मक सँस्कृतिको निर्माण गर्न घर परिवार देखी सबै प्रकारकका संघ संस्थाहरु र सबै तहको नेतृत्वलाई सकारात्मक नेतृत्वको रुपमा विकास गरेर समग्र देशको सकारात्मक रुपान्तरण गर्ने आधार निर्माण गर्न सकिन्छ । सकारात्मक नेतृत्वले नेपालको सबै स्थानमा सामाजिक एकता निर्माण गर्न, सहकार्य र विश्वासको वातावरण निर्माण गर्न, युवाहरुलाई उत्प्रेरणा गर्न, आर्थिक बिकासलाई गति दिन र दिगो बिकासलाई सुनिश्चित गर्न चमत्कारीक भुमिका खेल्दछ । नेपालमा निम्न कारणले गर्दा सकारात्मक सञ्चार र नेतृत्व अति आवश्यक छ ।

**१. सहकार्य र सहअस्तित्वको बिकास :** नेपालजस्तो विविधतायुक्तले भरिपुर्ण देशमा सहकार्य र सहअस्तित्वको प्रवर्धन अति आवश्यक छ । सकारात्मक सञ्चार र नेतृत्वले विभिन्न जाता, धर्म र क्षेत्रका मानिसहरुका सकारात्मक कुराहरु उजागर गरेर सबैलाई एक ठाउँमा ल्याएर साझा दृष्टिकोण निर्माण गर्न, सामुहिक लक्ष्य निर्माण र प्राप्त गर्न अभिप्रेरित गर्दछ ।

**२. समस्या सामाधान गर्न र नयाँ अवसरहरु सिर्जना गर्न :** नकारात्मक र आलोचनात्मक सञ्चार शैलीले बिबाद र बिभाजन ल्याउँदछ भने सकारात्मक सञ्चार र नेतृत्वले सामाधानमुखी सोच ल्याएर समस्या सामाधानको लागि प्रभावकारी उपायहरु खोज्न अभिप्रेरित गर्दछ । यस प्रकृयाले शान्ति निर्माण, सहकार्य र सद्भाव अभिवृद्धिमा विशेष योगदान दिन्छ ।

**३. आर्थिक विकासको लागि उत्प्रेरणा :** सकारात्मक सञ्चार र नेतृत्वले उद्यमशिलता, नवप्रवर्तन, र सहकार्यको वातावरण सिर्जना गरेर आर्थिक विकासलाई गति दिन्छ । यसले संस्थाका कर्मचारीहरु र समुहका सदस्यहरुबीच सदभाव र सहकार्य अभिवृद्धि गरी सिर्जनशिलता, उत्पादनशिलता र प्रतिप्रर्धात्मकता अभिवृद्धि गर्दछ ।

**४. राजनीतिक स्थायित्व र विश्वास निर्माण :** नेपालको राजनीतिमा व्याप्त नकारात्मकता प्रभाव घर घर र व्यक्ति व्यक्तिमा परेको छ भने सकारात्मक सञ्चारको अभावले नागरीकहरु र नेताहरुबीच दूरी बढाएको यथार्थता हाम्रो सामु छ । सकारात्मक सञ्चार र नेतृत्वले सकारात्मक कुराहरु, विगतका सफलताहरु र भविष्यका अवसरहरु खोजेर सकारात्मक सवालहरु प्रस्तुत गर्दछ र सकारात्मक तथा विश्वासको वातावरण निर्माण गरी नेतृत्वलाई जवाफदेही र जिम्मेवार बनाउदछ भने नागरीकहरुलाई शसक्त गर्दछ ।

**५. सामाजिक एकता, मेलमिलाप र युवा शसक्तिकरण :** सकारात्मक सञ्चार र नेतृत्वले सबै प्रकारका गलतफहमीहरुलाई हटाई आपसी विश्वास र एकता निर्माण गर्न मद्धत गर्दछ । यसले सामाजिक सम्वन्ध सुधार गर्न, मेलमिलाप ल्याउन र बिबाद कम गर्न प्रभावकारी भुमिका खेल्नका साथै युवाहरुलाई उत्प्रेरित गरी सही मार्गनिर्देशन प्रदान गरेर आत्मविश्वास वढाउन र सिर्जनशिल हुन उत्प्रेरित गर्दछ ।

सामन्य प्रकारको नेतृत्व कहि कतै छोटो समयको लागि प्रभावकारी भए पनि सकारात्मक नेतृत्वले दिर्घकालिन सकारात्मक रुपान्तरण र प्रगतीको मार्ग प्रशस्त गर्दछ । नेपाल जस्तो विविधतायुक्त देशका लागि वृहत्तर नागरीक एकता सहित सामाजिक सद्भाव र सहकार्य सहितको तिव्र आर्थिक, सामाजिक, आर्थिक, आध्यात्मीक एवम् सुचना तथा प्रबिधीको बिकासको लागि सकारात्मक सञ्चार र नेतृत्व अपरिहार्य छ । नेपाल जस्तो विविधता एवम् संभावनाले भरिएको देशमा सकारात्मक संवाद, शान्ति, समृद्धि र सहकार्य नै सकारात्मक रुपान्तरणको आधार स्तम्भ हो र यसलाई जीवन शैली बनाउन जरुरी छ ।

# यो तालिम कसको लागि उपयुक्त हुन्छ ?

ब्यक्ति, परिवार, संघ संस्थाहरु र समुदाय भित्र शुशुप्त अवस्थामा वा दवाईएर रहेका सकारात्मक संभावनाहरु उजागार गरेर सकारात्मक व्यक्तित्व, सकारात्मक परिवार, सकारात्मक संस्था एवम् सकारात्मक समाज निर्माणमा योगदान दिन चाहने सबैको लागि यो तालिम उपयोगी हुन्छ । विशेषतः औपचारीक वा अनौपचारीक नेतृत्व तहमा रहेर काम गरिरहनु भएका माननीयज्युहरु, राजनीतिक पार्टीका नेताहरु, विभिन्न संघ संस्थामा कार्यरत कर्मचारीहरु, जन प्रतिनिधीहरु, गैर सरकारी संघ संस्थामा कार्यरत कर्मचारी एवम् पदाधीकारीहरु, शिक्षकहरु, सामाजिक अभियान्ताहरु, पत्रकार तथा सञ्चारकर्मीहरु, उच्च शिक्षा हासिल गरिरहेका विधार्थीहरु, अधिकारकर्मीहरु सबैको लागि यो तालिम उपयुक्त हुन्छ ।

ईस्टर्न रिसर्च ईन्स्टिच्युट अफ पोजिटिभ साईन्सले विगतमा सञ्चालन गरेका बिभिन्न तालिममा सहभागी हुनु भएका माननीय संसद, नगरप्रमुखहरु, उपप्रमुखहरु, प्रमुख प्रशासकीय अधिकृतहरु, प्रध्यापकहरु, मेलमिलाप विज्ञहरु, शिक्षा विज्ञहरु, योजनाविद्, अनुसन्धानकर्ताहरु, व्यवसायीहरु, पत्रकारहरु, राजनीतिज्ञहरुको सुझाव पश्चात यो तालिमको संरचना गरिएको हो । नेपालमा वढ्दो निराशालाई आशा, उत्साह र नकारात्मकतालाई सकारात्मकतामा वदल्न देशै भरी सकारात्मक नेतृत्व र सञ्चारकर्मीहरुको आवश्यक भएकोले यस्तो तालिमको आवश्यकता भन्ने तालिमका पुर्व सहभागीहरुको सिफारीश रहेको छ ।




रुपान्तरणकारी नेतृत्व तथा सकारात्मक पालिका बिकास तथा व्यवस्थापन तालिममा सहभागी हुन पाउँदा एकदम रमाईलो अनुभुति भयो । तालिमले आफुभित्र सुशुप्त अवस्थामा रहेको सकारात्मक उर्जालाई विष्फोट गराएको छ र आफु भित्र म सक्छु भन्ने भावनाो विकास गराएकोछ । यो तालिमका बिषय बस्तुहरुको प्रस्तुतीले थाहै नपाई मनमा गहिरो प्रभाव पारेकोछ र पालिकाको बिकासलाई नयाँ दृष्टिकोणका साथ अगाडी बढाउनु पर्दछ भन्ने प्रतिवद्धता बढाएको छ । **मिना कुमारी पौडेल खतिवडा, उप प्रमुख उर्लावारी नगरपालिका, मोरंग**





यो तालिमले जीवनमा ठुलो लक्ष्य राख्न र जिम्मेवारीलाई सकारात्मक तवरले निर्वाह गर्न मार्गनिर्देश गरेको छ । यो तालिम जीवनलाई सफल बनाउन र जिम्मेवारीलाई सफलतापुर्वक निर्वाह गर्न एकदम उपयोगी रहेछ । वास्तवमा यो तालिम धेरै पहिला नै लिन पाएको भए जीवनमा धेरै सकारात्मक परिणामहरु प्राप्त हुन सक्ने रहेछन । तालिमले अब प्रत्येक पललाई सकारात्मक परिणामको लागि उपोग गर्न पर्दछ भन्ने कुरा सिकाएको छ र म सफल र सक्षम व्यक्ति हुँ र मैले सफल नेतृत्व गर्न सक्छु भन्ने विश्वास दिलाएको छ प्रशिक्षक र आयोजकलाई हार्दिक धन्यवाद । **सोम माया थिंग, उपप्रमुख, निजगढ नगरपालिका**











गाउँ पालीकाको जिम्मेवारीमा आएपछि र त्यो भन्दा पहिला पनि कति तालिम लिइयो तर यो यस्तो तालिम हो जुन विहान ५ बजे देखी १ घण्टा योगा र ध्यानवाट शुरु हुन्थ्यो र ८ बजेदेखी शुरु भएको शेषन बेलुका ९:३० सम्म पुग्दा पनि सबै जना हासी खुशी उत्साहित भएर सकृय सहभागी भइरहने र अझै एकछिन बस्न पाए हुन्थ्थो भन्नु हुन्थ्यो । यो तालिमले जीवन भरीको लागि उत्साह जगाएको छ । गाउँपालिकाको सकारात्मक रुपान्तरणको लागि यो तालिम पालिकाका सबै कर्मचारीहरु र जनप्रतिनिधीहरुको लागि अत्यन्तै जरुरी भएको महशुश गरेकी छु । **गोकुली कुमारी रेग्मी, उपप्रमुख ठोरी गाउँपालिका**




यो तालिमको बारेमा धेरै जानाकारी नभए पनि यस तालिममा सहभागी हुने सही निर्णय गरिएको रहेछ र यो तालिममा सहभागी हुन नपाएको भए जीवन नै अधुरो हुने रहेछ । यी चार दिनमा धेरै उर्जाशिल कुराहरु सिक्न र देशै भरीका साथीहरुसँग चिनजान र सहकार्य गर्ने वातावरण पनि सिर्जना भयो । आगामी दिनमा दलित विकास समाज प्युठानलाई कसरी अगाडी बढाउन कस्तो रणनीति अपनाउने भन्ने कुरा तालिमले सिकाएको छ र जीवनको सबै भन्दा उत्कृष्ट तालिमको रुपमा यो तालिम भएको अनुभुति गरेको छु । **हेम बिक, दलित विकास समाज प्युठान**



यो तालिमले समाजको रुपान्तरणको लागि बैकल्पीक विधी पनि रहेछ भन्ने कुरा सिकाएको छ र हामीमा अन्तरनिहित क्षमतालाई कसरी प्रष्फुटन गर्न सकिन्छ भन्ने विधी तर्कसंगत रुपमा सिकाएकोछ ।

**माननीय शान्ति पाख्रिन, संविधान सभा**



समाजको सकारात्मक रुपान्तरण र सफल जीवन निर्माणको लागि प्रसंशनीय खोज तालिम एउटा अचुक साचो हो भन्ने अनुभती भएकोछ । यो तालिमले भविष्यलाई कस्तो बनाउने भन्ने सपना देख्न सिकाएको छ । यो नेपाली समाजको सकारात्मक रुपान्तरणको लागि अपरिहार्य विधी हो ।

**सृष्टि रेग्मी, भुपु उपप्रमुख, वुढी नन्दा नगरपालिका, बाजुरा**



Appreciative Leadership Training ले मलाई मेरो व्यक्तिगत र व्यावसायिक जीवनमा स्पष्टता र उद्देश्य प्राप्त गर्न सहयोग गर्‍यो। म मेरो टीमलाई अझ प्रभावकारी नेतृत्व गर्न सक्षम छु।

**सुनिल पाण्डे प्रशासन, प्रमुख भानु नगरपलिका**













Appreciative Leadership Trainingले पालिकाभित्र समग्र रूपमा सकारात्मक संस्कृति निर्माण गर्न सहयोग गर्नेछ। सबै एकजुट भएर साझा दृष्टिकोण र उद्देश्यतर्फ अघि बढ्न पर्दछ भन्ने कुरामा सहमत भएका छौं।

**शेर वहादुर विसी प्रमुख प्रशासकीय अधिकृत, टोखा नगरपालिका**



Appreciative Leadership Training ले मलाई अनुसन्धानको नयाँ दृष्टिकोण प्रदान गर्‍यो। समस्या(आधारित सोचाइबाट समाधान(आधारित सोचाइमा रूपान्तरण गराउँदा, मैले मेरो अनुसन्धानको गुणस्तर र यसको प्रभावकारिता दुवैमा सुधार हुनेछ भन्ने विश्वास लिएको छु

**डा. ठाकुर भट्ट, मुल्याकँन समाज नेपाल**



Appreciative Leadership Training ले हाम्रो पालिकालाई रूपान्तरणकारी दृष्टिकोणका साथ भविष्यको योजना बनाउन सहयोग पुर्‍याउनेछ भन्ने विश्वास लिएकी छु। हामीले अब हामीले के गरेका छौं भनेर मात्र होइन, के गर्न सक्छौं भन्ने कुरामा केन्द्रित हुन सिकाएकोछ ।

**दिपा पाख्रिन, उपप्रमुख लिखु गाउँपालिका**



यो सोच बदल्ने तालिम रहेछ । पालिकाको दिर्घकालिन योजना तर्जुमा गर्न समस्या सामाधान बिधी होईन सवल तथा सफलतामा आधारीत रहेर आमुल रुपान्तरणकारी योजना तर्जुमा गर्न सकिदो रहेछ भन्ने ज्ञान सिकाएकोछ ।

**पार्वती कार्की शैलुंग गाउँपालिका, उपप्रमुख**



नेपालको सकारात्मक रुपान्तरणको लागि ठुलो जनशक्ति अनवरत लागि रहेको भए पनि उचित विधीको अभावमा सकारात्मक परिणाम प्राप्त हुन नसकेको अवस्थामा प्रसंशनीय खोज विधीको प्रशिक्षक प्रशिक्षणमा सहभागी भएर सकारात्मक रुपान्तरणका आधारशीलाहरु निर्माण गर्न र समुदायललाई सहजीकरणका लागि सक्षम बनाएको छ ।

**सुन्दर गौतम, प्रध्यापन, त्रिभुवन विश्व विद्यालय**




प्रसंसनीय खोज तालिम निकै उत्प्रेरणामुलक रह्यो । यो तालिमले हाम्रो संगठनलाई कसरी अगाडी बडाउने भनेर  नयाँ दिशा देखाएकोछ । आगामी दिनमा नयाँ कार्यक्रमहरू विकास गर्न यो निकै उपयोगी रहनेछ । सकारात्मक सोच र नेतृत्व क्षमता अभिवृद्धि गर्न सहयोगी भएकोछ । यो प्रशिक्षण अत्यन्तै प्रेरणादायी छ।

**कल्पना रावल, अध्यक्ष, भिडिसेफ**


















यो तालिम हाम्रो देशका उच्च नेतृत्व तहमा बस्नु भएको व्यक्तिहरुलाई अनिवार्य छ । यो तालिमलाई स्थानीयकरण गरेर यसलाई व्यापक बनाउनु पर्दछ ।

**डा. जानकी न्यौपाने, सामाजिक अभियान्ता**




पत्रकार भएको नाताले पत्रकारीता सम्वन्धि धेरै तालिम लिएको तर जविनमा दुईवटा तालिम एक डाटा व्यवस्थापन र अर्को यो तालिमले निकै प्रभावित पारकोछ ।

**चिना थापा, पत्रकार**



Appreciative Leadership Training ले मलाई मेरो टीमलाई उत्प्रेरित गर्न र संस्थागत लक्ष्यहरू प्राप्त गर्न नयाँ तरिका सिकायो। सकारात्मक दृष्टिकोणले हाम्रो पालिकालाई राम्रो परिणाम दिन सफल बनाउनेछ भन्ने विश्वास जगाएकोछ ।

**सिता थापा, उपप्रमुख चौतारा साँगागढी नगरपालिका**




Appreciative Leadership Training ले मेरो नेतृत्व क्षमतामा ठुलो परिवर्तन ल्यायो। यो प्रशिक्षणले सकारात्मक सोच र सहकार्यलाई प्राथमिकतामा राखेर हाम्रो संस्थाको रणनीतिक योजना बनाउने प्रक्रियामा सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु ।

**प्रदिप वुढाथोकी रिकफ्ट नेपाल**



Appreciative Leadership Training ले मलाई शैक्षिक संस्थाहरूमा सकारात्मक परिवर्तनको लागि सहयोग पुर्‍याउने नयाँ रणनीतिहरू सिकायो। नर्सिंग कलेजका मेरा विद्यार्थीहरूको क्षमता पहिचान गरेर तिनीहरूको सफलताको मार्गचित्र बनाउन यो धेरै उपयोगी हुनेछ ।

**डा. रेखा तिमल्सीना, प्रध्यापक पाटन स्वास्थ्य विज्ञान**



यो तालिमले मलाई भोको बाघले बाख्रा भेटे जस्तै भयो । मेरा अपेक्ष भन्दा धेरै वढी र धेरै नयाँ एवम् जीवनउपयोगी कुराहरु सिक्न पाएको अनुभुती भएको छ र जीवनमा साना साना कुराहरुले कति ठुलो प्रभाव पार्दारहेछन र जीवन वा संस्था रुपान्तरणको आधार के रहेछ भन्ने कुरा सिक्न पाएकोमा गौरव अनुभुति भएकोछ । **मिमसरा बम, भुपु उपप्रमुख रास्कोट नगरपालिका, कालिकोट**



यो तालिमले प्रसंशनीय खोजको क्षेत्रमा नयाँ उर्जा र आफनो ज्ञानलाई पुर्नताजगी गर्न निकै महत्वपुर्ण भएको र सिकाई प्रकृयामा प्रयोग गरिएको प्रयौगीक तथा व्यवहारीक पक्षले तालिमलाई निकै प्रभावकारी बनाउन सफल भएकोछ ।

**डा. कुमार आचार्य, बरिष्ठ अधिवक्ता**





















तालिमहरु त धेरै नै लिएका थियौ, सल्यान देखी रात्रीबसमा आउदा बाटोमा सामन्य तालिम होला, कर्मकाण्डी मात्रै होला भन्ने लागेको थियो तर यहा आएर थाहा भयो यी चार दिन त थाहै नपाई बिते । तालिम शुरु भए पनि निरन्तर हुने शेषनको विचमा हुने चिया ब्रेक पनि टेवलमै लिएर काममा व्यस्त भएको पत्तै भएन । यो तालिमले त चुम्वकले फलाम ताने झै तानी रह्यो । यो तालिममा सिकेका कुराहरु गाउँ गाउँमा पुर्याउन पर्दछ र आफनो जिम्मेवारी पनि वढेको महशुश भएको छ ।

**शान्ता नेपाली, दलित बिकास समाज**



पहिलो कार्यकामा वडाअध्यक्ष र हाल दोश्रो कार्यकालमा पालिका उपाध्यक्षको रुपमा कार्यरत रहेको छु । जीवनमा धेरै तालिम लिएको तर यस्तो तालिम पहिलो पटक पाएको र तालिम यस्तो पनि हुदो रहेछ भन्ने बल्ल थाहा भयो । समाजमा नकारात्मकता, भ्रष्टचार, कुसंस्कार विधुतीय गतिमा वढीरहेको वर्तमान अवस्थामा यस्तो तालिमले नयाँ आस, जोस र जागर सञ्चार गराएको छ । यस्तो राम्रो कार्यक्रम आयोजना गरेर हामीलाई सहभागी गराएर ठुलो गुन लगाएको आभास भएको छ ।

**राम बहादुर बस्नेत, उपप्रमुख, सिद्धकुमाख गाउँपालिका, सल्यान**



आफनो जिम्मेवारीमा भएका विविध प्रकारका समस्याहरुलाई सहज तरिकाले सम्वोधन गर्न सक्ने सिप सिक्ने तालिमका खोजिमा भई रहेको बेला ईरिप्सले यो तालिम आयोजना गरेको जानाकारी पाउना साथ यो तालिममा सहभागी हुने ईच्छा रह्यो र सोही मुताविक तयारी गरी सहभागी हुन पाईयो । सहजकर्ताको सहजीकरण र ज्ञानको भण्डारले साहै उत्साहित बनाएकोछ र यो तालिमले मलाई नयाँ ज्ञान सिक्न भोक जगाईदिएकोछ । अव यसको एडभान्स लेभेलको तालिमको आशा राखेको छु ।

**श्री भरत कुमार वली, प्रमुख प्रशासकीय अधिकृत, कपुरकोट गाउँपालिका**



Appreciative Leadership Training ले मलाई नेतृत्वको नयाँ परिभाषा सिकायो। यसले संस्थागत समस्या समाधान गर्न र सहकार्यपूर्ण वातावरण बनाउन मेरो दृष्टिकोणलाई परिवर्तन गर्‍यो।

**सुष्मा लामिछाने गिरी**



प्रसंशनीय खोज प्रशिक्षणले मिडियामा सकारात्मक कथा र समाचार ल्याउनका लागि अत्यन्त प्रेरणादायी भूमिका खेलेको छ। यसले सकारात्मक सञ्चारको विकासमा सहयोग पुर्‍याएको छ, जसले सम्पूर्ण सामाजिक मनोविज्ञानलाई सकारात्मक तरिकाले रूपान्तरण गर्न सक्छ।

**लिल प्रकास चन्द**



